नि.का.सप्तरी द.नं. ३(२०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ अंक २३ २०८१ साल माघ ६ गते आइतवार (19 Jan. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र –* **पृष्ठ २ मा :** व्यवहारलाई उच्छ्रृङ्खलताको श्रेणीमा ... **पृष्ठ ३ मा :** आरएसएसको भित्री जीवन ... **पृष्ठ ४ मा :** शान्ति हाम्रो जीवनको ... **पृष्ठ ५ मा :** एक हजार ७ सय १७ ...

## एकै दिन तीन शैक्षिक संरचनाको शिलान्यास

# शिक्षा बिना मुलुकको विकास सम्भव छैन् : मन्त्री साह



**राजविराज**/महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवल किशोर साहले शिक्षा बिना मुलुकको विकास सम्भव नरहेको बताएका छन्।

सप्तरीको हनुमाननगर कंकालिनी र कंचनरुप नगरपालिकामा शनिबार तीन वटा विद्यालयको थप कक्षा कोठा भवनको शिलान्यास गर्दै मन्त्री साहले पछाडी पारिएका वर्गलाई शिक्षाको मुलधारमा नल्याएसम्म मुलुकको विकास सम्भव नहुने बताएका हुन्।

कंचनरुप नगरपालिकास्थित सर्वोदय उच्च माध्यमिक र आधारभुत विद्यालय तथा हनुमाननगर कंकालिनी नगरपालिकास्थित माध्यमिक विद्यालय मधवापुरमा विद्यालयको थप कक्षा कोठाका लागि उनले भवन शिलान्यास गरे।

सोही क्रममा मन्त्री साहले शिक्षाको स्तर उकास्न र कक्षा कोठाको अभावमा बालबालिकाले समस्या भोग्नु नपरोस भन्ने उद्देश्यका साथ आफ्नो पहलमा पाँच वटा विद्यालयमा कक्षा कोठा बिस्तारका लागि एक/एक करोड गरि पाँच करोड रुपैया बजेट व्यवस्थापन गर्न सफल भएको जानकारी दिए।

सोही दिन अत्याधिक चिसोका कारण समस्यामा परेका हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुरका चिसो पीडित विपन्न समुदायलाई मन्त्री साहले ५ सय थान कम्बल बितरण समेत गरे।

सो क्रममा जनतालाई मालिक र देउताको संख्या दिएका उनले आफू जनताको सेवा कै लागि राजनीतिमा आएको स्पष्ट पारे। उनले क्षमताले भ्याएसम्म [redacted] जनताका लागि [redacted] चुनजेल सेवा प्रदान गरिरहने तत्परता समेत व्यक्त गरेका छन्।

शिलान्यास तथा कम्बल बितरण कार्यक्रममा पूर्वसांसद नागेन्द्र झा, हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्व मेयर शैलेश साह, प्रधानाध्यापक प्रमोद कुमार यादव, राजेश्वर प्रसाद साह, वडाअध्यक्ष गुलटेन चौधरी, मेहदी हसन, दामोदर खडगा, महिला नेतृ सरितादेवी यादव, अनुराधा साह, जसपा नेता भोला पासवान, चित्ररन्जन यादव लगायतको समेत उपस्थिति रहेको थियो।

# मधेश सरकारद्वारा सहिद परिवारका सदस्यलाई ३ करोड ६१ लाख रुपैयाँ दिने घोषणा




**जनकपुर**/मधेश प्रदेश सरकारले बलिदानी दिवसको अवसरमा सहिद परिवारका सदस्यलाई ३ करोड ६१ लाख रुपैयाँ दिने घोषणा गरेको छ।

विगत ७ वर्ष देखि माघ ५ गत्ते मधेश प्रदशे सरकारले बलिदानी दिवस मनाउँदै आएको छ। सोहि क्रमलाई निरन्तरता दिंदै गृह सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गतको मधेशी शहीद प्रतिष्ठानको आयोजनामा मधेश प्रदेश सरकारले शनिबार जनकपुरधाममा बलिदानी दिवस मनाएको हो।

मधेश ओन्दोलनमा सहादत प्राप्त गरेका सहिदहरुको सम्झना र सम्मानमा यो दिवस मधेश प्रदेश सरकारलगायत मधेशवादी दल र नेताहरुले मनाउँदै आएका छन्।

कार्यक्रममा मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतीस कुमार सिंहले प्रदेशका ८ वटै जिल्लाबाट आएका सहिद परिवारका सदस्यलाई दोसल्ला ओढाएर सम्मान गर्नुका साथै नगद सहयोग गर्ने घोषणा गरेका छन्।

मुख्यमन्त्री सिंहले सहिद भएका ६३ जना परिवारलाई ३ लाख रुपैयाँ प्रति परिवार, ४७ जना सख्त घाइते भएकालाई २ लाख रुपैयाँ, ३६ जना मध्यम अवस्थाको घाईते भएकालाई १ लाख ५० हजार हजार र २४ जना साधारण घाईते भएकालाई १ लाख रुपैयाँ जनहि गरी कुल ३ करोड ६१ लाख रुपैयाँ प्रदान गर्ने घोषणा गरे।

उनले सहिद परिवारका सदस्यहरुका लागि बिमा कार्यक्रम, छोराछोरीका लागि छात्रवृति लगायतका सुविधा यसै वर्ष देखि सुरु गर्न लागेका बताए। मुख्यमन्त्री सिंहले सहिद परिवारका सदस्यहरुको व्यवस्थापनका लागि रोड म्याप तयार गरेर रोजगारी, शिक्षा, स्वास्थ्यलगायतका सेवा सुविधा दिने प्रतिबद्धता व्यक्त गरे।

मुख्यमन्त्री सिंहले शनिबार भएका कारणले रकम हस्तान्तरण गर्न ढिलाई भएको र आइतबार बैंक खुलेपछि बैंक खातामै रकम जाने गरी व्यवस्था मिलाउने जानकारी समेत दिए।

# समाजवादी मोर्चासँग तत्काल सहकार्यको सम्भावना छैन् : अध्यक्ष यादव

**सिरहा**/जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले समाजवादी मोर्चासँग तत्काल सहकार्यको सम्भावना नरहेको बताएका छन्।

बलिदानी दिवसको अवसरमा शनिबार सिरहाको लहानमा सहिदको प्रतिमामा माल्यार्पणपछि पत्रकारसँगको कुराकानीमा उनले प्रतिपक्षी दलहरुले समाजवादी मोर्चा सक्रिय बनाउन लागे पनि आफ्नो पार्टी जसपा नेपाल तत्काल मोर्चामा सहभागी हुने सोंचमा नरहेको बताए।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादी मोर्चा सक्रिय बनाउन प्रयास गर्दै आएका छन्। २०८० साल असारमा माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (नेपाल) र विप्लव नेतृत्वको नेकपाले समाजवादी मोर्चा बनाएका थिए। तर पछिल्लो समय उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल समाजवादी मोर्चामा सक्रिय छैन।

यसअघि शुक्रबार प्रतिपक्षमा रहेका सात दल नेकपा माओवादी केन्द्रसहित, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा, आम जनता पार्टी (आजपा) र महेन्द्र राय यादवको नेपाल समाजवादी पार्टीले संयुक्त विज्ञप्ति निकालेर सरकारले संसद् छलेर अध्यादेशमार्फत शासन गर्न खोजिरहेको आरोप लगाएका थिए।



जसपा नेपालका अध्यक्ष यादवले देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन मधेस आन्दोलनको पनि महत्वपूर्ण भूमिका रहेको बताए।

*बाँकी अन्तिम पृष्ठमा*

भूकम्पबाट जोगिन सचेत बनौं

- भूकम्पको वेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार गरेर राखौं,

भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सकारात्मक सोचका साथ विकासलाई अगाडी बढाऔं

विकासको कार्यलाई निरन्तरता दिनका लागि जनताको आवश्यकता र चाहना आवश्यक हुन्छ। विकास भन्ने शब्द यस्तो हो जसले समाजको आर्थिक र समाजिक क्षेत्रलाई सुन्दर बनाउछ। यो सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ। समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हो। कुनै पनि स्थानको विकास गर्नु अत्यन्त सह्रानिय कार्य हो तर, यसमा जनताको चाहनालाई समेत ध्यान दिनु उत्तिकै आवश्यक छ।

विकासको नाममा भ्रष्टाचार गर्नु त्यो चाही कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो। विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ। सकारात्मक सोचका साथ विकासमा अगाडी बढ्नु उत्तिकै आवश्यक पर्दछ।

तसर्थ विकासका लागि सबैको सकारात्मक सोच आवश्यक पर्दछ। कुनै पनि विकासका लागि जनताको विश्वास र दखल आवश्यक पर्ने हुनाले उनीहरुको चाहना अनुसार विकास गर्न सकिए पक्कै पनि सफलता मिल्ने कुरामा दुईमत नहोला।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# व्यवहारलाई उच्छृङ्खलताको श्रेणीमा राखी उनीहरुलाई त्यस्तो गर्नबाट रोक्नु आवश्यक

**सतिश कुमार**

यस वर्ष सम्पन्न नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो संस्करण लाई जनकपुर बोल्ट्सले जीती पहिलो पटक मै बिजेता बन्न सफल भएको छ।

जनकपुर बोल्टसक खेलाड़ीहरुले प्रतियोगितामा शुरु देखी नै आफ्नो उत्कृष्ट प्रदर्शन गर्ने क्रम फाइनल सम्म जारी राखे। आफ्नो प्रदर्शन लाई स्थिरता दिंदै लिग चरण मै समूह बिजेता रही प्रतियोगिताको अन्तिम चरणमा प्रबेश गरेका थिए। अनवरत रुपमा आफ्नो प्रदर्शन स्थिर राख्न सफल बोल्टसका खेलाडीहरुले प्रतियोगिता जित्ने क्रममा खेलको बिचमा कहिले उत्साहवर्द्धक त कहिले हतोत्साही टिप्पणीहरु सुन्नु परेको थियो। त्यो स्वाभाविक पनि हो। पक्षका समर्थकले उत्साही र बिपक्षी समर्थकले हतोत्साही टिप्पणी गर्छन नै तर बोल्टर्सले उत्कृष्ट प्रदर्शन गर्दै गर्दा उसको मनोबल गिराउन टिमको भुगोल र संस्कृतिको आधारमा जुन टिप्पणी गरियो त्यसले एक बर्गमा रहेको साम्प्रदायिक सोच र त्यस वर्गमा अर्को समुदाय प्रतिको घृणात्मक सोचलाई प्रदर्शित गरेको छ।

खसबादी सोच, एउटै भाषा र भेषक पृष्टपोषकहरुको चिन्तन र सोचलाई नेपालको भूमिमा फेरी एक पटक उदाङ्गो पारिदिएको छ। नेपाल हुन त विविध भाषा भाषी र समुदायलाई प्रतिनिधित्व गर्ने देश हो भनिन्छ तर यथार्थमा यहाँ दुईटा समुदाय वा वर्ग मात्र रहेको तितो यथार्थ छ। अग्रजाति, पिछड़ा जाति, दलित, अल्पसंख्यक, मधेशी, मुस्लिम, थारू, खस आर्य, जनजाति आडि अनेक नामि उपनामको समुदाय यहां रहेको भनिए पनि खासमा यस देशमा पहाड़ी र मधेशी दुई बर्ग सम्प्रदायका व्यक्तिहरु मात्र यहाँ रहेका छन।

माथि उल्लेखित जात जातिका सबै थर र समूहका व्यक्तिहरु यही दुई बर्ग वा सम्प्रदायमा समेटिएका छन्। बास्तबमा यही दुई बर्ग रहेको नेपालमा इतिहास कालदेखि नै एक बर्ग शासनमा रहेको र अर्को बर्ग शाषित र पीड़ित रहेका छन्। पुरातनकालका मल्ल काल, लिच्छिवी काल होस, २०० वर्षको शाहवंशी राज्य होस वा १०४ वर्षको राणाकाल तथा साढ़े तिन दशकको प्रजातान्त्रिक लोकतान्त्रिक काल होस अझै पनि कथित पहाड़ी समुदाय वा खसवासी बर्गका नागरिकहरुको मन मस्तिष्कमा आफूले शासन गरेका काल जिबितै रहेको छ। उनीहरुले अझै पनि मधेशका वासीहरु आफू सरह नै समान छन, यही देशका नागरिक छन भन्ने देशको बर्तमान संबिधानले निर्देशित गरेको समानताको सिद्धान्तलाई स्वीकार गर्न सकेको छैन। परिणाम २०६२ सालमा मधेशीहरुको मनमा बर्षौंदेखि गुम्सिएर रहेको कुण्ठा मधेश आन्दोलनको रूपमा प्रस्फुटित भए पनि त्यसले सामान्य पहाड़ी मानसिकतामा परिबर्तन ल्याउन सकेको छैन जुन तथ्य एनपीएलको बिजेता बन्दै गर्दा जनकपुर बोल्टसका खेलाड़ीले "धोती" शब्दका टिप्पणीले देखाएको छ।

कतै कतै सार्बजनिक रूपमा सेलाएर गएको मधेशी प्रतिको पहाड़ीको मनोभाव एनपीएलको खेल दौरान पुन उजागर भएको छ। तर यति हुँदै गर्दा पनि मधेशी समुदायले यस भवि प्रति आफैमा अझै कुण्ठा पालि राख्नु पर्ने आवश्यकता छैन। पहाड़ी मनोबृतिका केही उच्छृङ्खल तत्वहरुले "धोती" भनी आफ्नो प्रकट गरेको कुत्सित मनोबृतिलाई मधेशी बर्गले पनि आफूलाई "धोती" "धोती" भनि धेरै भनिरहँदा त्यसले पहाड़ी बर्गलाई गिज्याई राख्ने आवश्यकता छैन।

कसैको गलत प्रवृति र अभिव्यक्तिको एक पटक बिरोध गर्नु पर्छ, गर्नै पर्छ आवश्यक पनि छ। तर यसरी विरोध गरि रहँदा एउटै बिरोधका स्वर पटक पटक प्रकट गर्नाले त्यसले अर्को बिकृति पनि निम्त्याउने हुन्छ यस प्रति हामी सचेत हुनु आवश्यक छ।

जनकपुर बोल्टसले एनपीएल जित्दा पहाडी बर्गले "धोतीले जित्यो" भन्नु निश्चय पनि मधेशी प्रतिको कुत्सित र नकारात्मक अभिव्यक्ति हो भने त्यसको प्रति उत्तरमा मधेशीवर्गले पनि "धोतीले जित्यो" भन्नु गर्वको अभिव्यक्ति नभएर पहाड़ी सोचको बिरुद्धको अभिव्यक्ति हुन गएको छ। आज जनकपुर बोल्टस लाई हौस्याउन होस वा बधाई दिन होस त्यसमा पटक पटक "धोती" शब्दको प्रयोग गरिनुले साम्प्रदायिक सौहार्दको बाताबरणलाई निश्चित खलबलाउने छ, यस प्रति हामी सबै सचेत हुनु आवश्यक छ। हामी सबैले यस्ता टिप्पणी पटक पटक गरिरहनुले देशमा नसोचिएको स्थिति निम्त्याउने छ। भनिएको पनि छ "अति सर्वत्र बर्ज्यते" तसर्थ हामी सबै सचेत नागरिकहरुको यो दायित्व पनि हो कि हामीले "धोती" "धोती" भनी हरेक क्षणमा टिप्पणी गर्दै हिंडने चाहे मधेशी होस वा पहाडी बर्गको व्यक्ति होस तिनीहरुको यस्तो व्यबहारलाई उच्छृङ्खलताको श्रेणीमा राखी उनीहरुलाई त्यस्तो गर्नबाट रोक्नु पर्दछ। अन्तमा पुनः स्मरण गराउन चाहन्छु "अति सर्वत्र बर्ज्यते" !

## बालिकाको शव क्षतविक्षत अवस्थामा भेटिए

**राजबिराज**/राजबिराज नगरपालिका वडा नं. १५ देउरी भरुवा टोलस्थित खाँडो नदीमा बिहीबार बिहान एक दुई वर्षिया बालिकाको शव क्षतविक्षत अवस्थामा भेटिएपछि खैलाबैला मच्चिएको थियो।

स्थानीयले सो शव देखेपछी प्रहरीलाई खबर गरेपछी घटनास्थलमा पुगेर प्रहरीले अनुसन्धान गर्दा तीन दिन अघि पुस २९ गते सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकका ५ कोइलाडी बर्साइनमा पोखरीमा डुबेर मृत्यु भएकी दुई वर्षिया साक्षी मण्डलको शव रहेको पत्ता लागेको थियो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतका अनुसार सप्तरीको डाक्नेश्वरी नगरपालिका घर भई तिलाठी कोइलाडी गाउँपालिकास्थित मामा घर आएकी बेला ती बालिका साथीहरुसँग खेल्ने क्रममा अचानक खुट्टा चिप्लिएर पोखरीमा डुबेकी थिइन। उपचारका लागी अस्पताल ल्याउँदै गर्दा उनको मृत्यु भएको थियो।

पोस्टमार्टम पश्चात उनका आफन्तजनले उक्त टोल नजिकै रहेको खाँडो खोलाको किनारमा शव गाडेका थिए। तर गहिरो खाडल नखनी गाडेपछि स्याल र कुकुर लगायतका जनावरले शव बाहिर निकालेको प्रहरीको भनाई छ।

शरीरका कतिपय अंग जनावरले खाईसकेको अवस्थामा फेला परेको र सो शव तीन दिन अघि डुबेर मृत्यु भएकी साक्षी कै हो भनी पुष्टी भईसकेपछी पुनः सोही स्थानमा गहिरो खाडल खनेर अन्त्येष्टी गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## दुर्घटनामा परेका युवक घरमा मृत फेला

**राजबिराज**/मोटरसाइकल दुर्घटनामा परेका सप्तरीको रुपनी गाउँपालिकाका एक युवक मंगलबार घरमै सुतेको अवस्थामा मृत फेला परेका छन्।

सो गाउँपालिका वडा नं. ६ तेरहौता बस्ने २० वर्षिय घुरन चौधरी सुतेको अवस्थामा मृत फेला परेका हुन्।

सोमबार पुसी पुर्णिमाका अवसरमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित सप्तकोशी नदी किनारमा लागेको कोशी मेला भर्न उनी साथीहरुसित गएका थिए। राती ८ बजेतिर घर फर्केका उनी केही समय लगत्तै सोही वडा बस्ने साथी शोभानन्द सरदारसँग उनको प्रदेश २-०१-००२प.८३४२ नम्बरको मोटरसाइकल चढी रुपनगर बजारतर्फ गएका थिए। त्यहा दुबै जनाले मदिरा सेबन गरेको र फर्किने क्रममा दुर्घटनामा परेको अनुसन्धानमा खुलेको प्रहरीले जानकारी दिएको छ।

दुर्घटनामा परेर टाउँका साथै शरीरको भित्रि भागमा चोट लागेको थियो। सोही क्रममा घुरनको टाउकोबाट रगत बग्दै गरेको देखेपछी आफूहरुले स्थानीय स्वास्थ्य चौकीमा लगि प्रारम्भिक उपचार गरि घर ल्याएको दाजु किरणको भनाई छ। उपचारका क्रममा उनको टाउकोमा पाँच वटा टाका लगाइएको थियो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी जितेन्द्र कुमार बस्नेतले मोटरसाइकल चालक सरदारलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान थालिएको जानकारी समेत दिएका छन्।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**सप्तकोशी नगरपालिका, सप्तरी**

# आरएसएसको भित्री जीवनः विश्वकै शक्तिशाली स्वयंसेवक समूह



हिन्दू राष्ट्रवादका पैदल सिपाहीहरूमध्ये, जो निराश युवा पुरुषहरू छन्, उनीहरुले आफ्नो जीवनको उद्देश्य त्यहाँ फेला पार्छन् ।

(राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) आज विश्वकै सबैभन्दा ठूलो स्वयंसेवक संगठन हो, जसले भारतमा हिन्दू राष्ट्रवादको वकालत गर्दै राजनीतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा प्रभाव जमाएको छ। यस समूहका सदस्यहरूलाई "शाखा" नामक दैनिक बैठक र अनुशासनका माध्यमबाट तालिम दिइन्छ ।

आरएसएसको मुख्य उद्देश्य भारतलाई हिन्दू राष्ट्रका रूपमा पुनःस्थापित गर्नु हो । १९२५ मा स्थापना भएको यो संगठनले आफ्नो प्रभाव विस्तार गर्दै हजारौं शाखा, स्कूल, व्यापारिक संघ र महिला समूह स्थापना गरेको छ । यसले भारतको सत्तारुढ पार्टी भाजपा लगायतका कैयौं संगठनहरूलाई उत्प्रेरणा दिएको छ ।

आरएसएसमा सामेल धेरै युवा पुरुषहरू आफ्नो जीवनमा उद्देश्य र अनुशासनको खोजी गर्दै त्यहाँ पुग्छन् । खेल, व्यायाम, र इतिहासका पाठहरूले उनीहरूलाई एकआपसमा जोड्छ । तर आलोचकहरूले भन्छन् कि यसले धार्मिक विभाजनलाई बल दिएको छ र अल्पसंख्यकहरूलाई पृष्ठभूमिमा धकेल्न खोजेको छ ।

आरएसएस नजिक हुनु भनेको शक्ति केन्द्रको नजिक हुनु हो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो जीवनको प्रारम्भिक वर्ष आरएसएसको पूर्णकालीन कार्यकर्ता (प्रचारक)का रूपमा बिताएका थिए। मोदीजस्ता नेताहरूले आरएसएसलाई आफ्नो अनुशासन र राजनीतिक कौशलको आधार मान्दै आएका छन् ।

**आलोचना**

आरएसएसका समर्थकहरूले यसलाई समाजसेवी र अनुशासनिक संगठन भनेपनि आलोचकहरूले यसलाई अल्पसंख्यकहरू माथि धार्मिक कट्टरता फैलाउने फैजी संगठन भन्छन् । विशेष गरी मुस्लिम र इसाई समुदायका विरुद्ध हिंसात्मक घटनाहरूमा यसका शाखाहरू संलग्न भएको आरोप लाग्ने गरेको छ ।

आरएसएसले आफ्नो प्रभाव विस्तारका लागि आधुनिक प्रविधिहरू र रणनीतिहरू प्रयोग गर्दैछ । तर यसको आदर्श र उद्देश्यले भारतको विविधतालाई चुनौती दिइरहेको भन्दै विपक्षी राजनीतिक दलहरुले चर्को विरोध गर्दै आएका छन् । उनीहरले आरएसएसले भारतलाई समावेशी राष्ट्र बनाउने बाटोमा गम्भीर अवरोध सिर्जना गरेको ठान्छन ।

आरएसएसका सदस्यहरूका लागि, यो संगठन जीवनको उद्देश्य, अनुशासन, र राष्ट्रप्रतिको कर्तव्यबोधको प्रतीक हो । तर यसको प्रभाव र आदर्शले भारतलाई कसरी आकार दिनेछ भन्ने कुरा भावी समयले नै देखाउनेछ । यस बारेमा विश्व प्रसिद्ध म्यागजिन द इकोनोमिष्टले एक लामो फिचर प्रकाशन गरेको छ । भारतमा आरएसएस र सत्तारुढ भाजपाको सम्बन्ध बुझ्न सहायक हुने ठानेर त्यसको नेपाली रुपान्तर यहाँ दिएका छौं -

यो सैन्य परेड र विद्यालय खेलकुद दिवसको मिश्रण जस्तो लाग्छ । भारतको नागपुर शहरमा हजारौं राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस), जो एक हिन्दू-राष्ट्रवादी समूह हो, संघका सदस्यहरू खाकी पतलून, सेतो कमिज र कालो टोपी लगाएर खेलमैदानमा गाजगाज गर्दै प्रवेश गरिरहेका छन् । तीमध्ये जवान पुरुषहरू, वाक्ला जुँगा भएका, मध्यम उमेरका पुरुषहरू, जसका पेटहरू पेटीमाथि फुलेका छन्, र वृद्ध पुरुषहरू, जसका चस्माहरू नाकको टुप्पोमा बसेका छन्। त्यहाँ महिलाहरू भने छैनन् ।

सबै जना मौनतापूर्वक हेर्छन् जब एक सानो केसरिया झण्डा, जो ढिलोगरी चलेको हावामा कमजोर देखिन्छ, मस्तुलतर्फ माथि उठ्छ । त्यसपछि आदेश आउँछ । हरेक पुरुषले आफ्नो दाहिने हातलाई कडाईका साथ छातीमा राख्छन् र त्यसपछि आफ्नो छेउतिर सिधा राख्छन्, सलामी दिनु अगाडि मात्र रोकिन्छन् ।

५ मिलियनभन्दा बढी सदस्यहरू भएको, जसमा सबै पुरुष छन्, आरएसएस संसारकै सबैभन्दा ठूलो स्वयंसेवक समूह हो । यसका समर्थकहरू भन्छन्, यो समूहले परोपकारी काम गर्दछ र युवा पुरुषहरूलाई अनुशासन सिकाउँछ । यसका आलोचकहरू भन्छन्, यो एक कट्टरपन्थी अर्धसैनिक समूह हो जसले भारतका अल्पसंख्यकहरूलाई प्रताडित गर्दछ । द इकोनोमिष्टका संवाददाताले यसको केही सदस्यहरूसँग कुरा गर्न नागपुर गएका थिए ।

**५२,५०० परियोजनाहरू, १३,००० विद्यालयहरू, स्वास्थ्य क्लिनिक र आश्रयस्थलहरू स्थापना**

आरएसएससँग नजिक हुनु भनेको शक्तिसँग नजिक हुनु हो । अन्य क्लबहरूजस्तै, आरएसएस पनि साझा अनुभवहरू, अनुष्ठानहरू र पोशाकको माध्यमबाट एकताबद्ध छ । साना बालकहरू हिँड्न र बोल्न सक्ने भएपछि नै यसमा सामेल हुन्छन् । उनीहरू दैनिक बैठकहरू र तालिम शिविरहरूमा जान्छन् । धेरैलाई अभिभावकहरूले साथी बनून्, शारीरिक व्यायाम गरून् र घरबाहिर समय बिताओस् भन्ने उद्देश्यले पठाउँछन् । सबैले आरएसएसको प्रार्थना, जप र खेलहरू सिक्छन् । यसको पोशाक यति प्रख्यात छ कि केही वर्षअघि समूहले आफ्नो खाकी हाफ प्यान्टलाई पूर्ण लम्बाईको पतलूनमा परिवर्तन गर्दा भारतमा ठूलो समाचार बनेको थियो ।

आरएसएसको पात्रोमा सबैभन्दा ठूलो कार्यक्रम हिन्दू पर्व दशहरा हो, जसले संगठनको स्थापनाको वार्षिकोत्सवसँग विशेष महत्व राख्छ । यो वर्ष नागपुरमा मनाइएका दशहरा समारोहहरूले संगठनको शताब्दी वर्षको सुरुवात गऱ्यो । पोशाक लगाएका पुरुषहरूको समुद्रजस्तो भीड मैदानमा परेड गरेपछि आरएसएसका छैटौं प्रमुख, गोल-मटोल अनुहार भएका ७० वर्षीय मोहन भागवत मञ्चमा उक्लिए । उनले मुस्लिम-बहुल पाकिस्तानबाट आउने खतरा र "गहिरो राज्य", "वोकिज्म" र "सांस्कृतिक मार्क्सवाद" जस्ता घरेलु दुश्मनहरूको बारेमा कुरा गरे। उनले भीडलाई स्थानीय उत्पादन किन्न र परम्परागत पोशाक तथा भाषा जिवित राख्न आग्रह गरे। "विश्व बलवानको पूजा गर्छ," उनले भने। "दुर्बललाई बेवास्ता गरिन्छ ।"

**आरएसएससँग नजिक हुनु भनेको शक्तिसँग नजिक हुनु हो ।**

भारतको अन्तरिक्ष एजेन्सीका पूर्व प्रमुख पनि दर्शकदीर्घामा थिए, र कम्तिमा एक अर्बपति पनि उपस्थित थिए । मोहन भागवतको भाषण भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका प्रिय विषयहरूसँग मिल्नु अनौठो थिएन । यसको कारण भनेको सायद मोदी स्वयं आरएसएसका सदस्य हुनु हो । उनी आठ वर्षका हुँदा आरएसएसमा सामेल भएका थिए र आफ्नो ३० को दशकमा राजनीतिमा प्रवेश गर्नु अघि पूर्णकालिक आरएसएस कार्यकर्ता (प्रचारक) थिए । (यसले भौतिक सम्पत्ति त्याग्नु र ब्रह्मचर्यको व्रत लिनु पर्ने थियो।) २०१४ मा प्रधानमन्त्री निर्वाचित भएपछि, मोदीले आफ्नो मन्त्रिमण्डलमा आरएसएसका मानिसहरूलाई नियुक्त गरे ।

**मलाई केसरिया अत्यन्त प्रिय छ**

परम्परागत मूल्यहरू र साधारण जीवनशैलीको वकालत गर्ने समूहले यति ठूलो प्रभाव कसरी हासिल गऱ्यो ? यसको शक्ति सरल र गहिरो अनुभवमा रहेको छः यसले आफ्ना सदस्यहरूलाई "अद्वितीय आत्मसम्मानको अनुभव" दिन्छ, भन्छन् लेखक पुरुषोत्तम अग्रवाल, जसले सानैमा आरएसएसमा छोटो समय सामेल भएका थिए र अहिले यसको कट्टर आलोचक बनेका छन् । "आरएसएसले युवा उमेरका मानिसहरूलाई, उनीहरूको अपरिपक्वताका बाबजुद, र वृद्ध मानिसहरूलाई, उनीहरूको पारिवारिक सीमितताका बाबजुद, हिन्दू राष्ट्रको उद्धारको कार्यमा योगदान दिइरहेको अनुभूति दिलाउँछ ।"

१०० वर्ष अघिको समयतर्फ फर्कौं। आरएसएसको स्थापना सन् १९२५ मा नागपुरमा डाक्टर र राजनीतिज्ञ केशव बलिराम हेडगेवारले गरेका थिए । उनले र उनका उत्तराधिकारहरुले सिकाए कि भारत एउटा महान् र प्राचीन सभ्यता हो, जसलाई अपमानजनक तरिकाले आक्रमणकारीहरूले कमजोर बनाएका छन् । १६औं शताब्दीमा मुगलहरूले आक्रमण गरे; १८औं शताब्दीमा ब्रिटिशहरूले । आज, आरएसएसले संकेत गर्छ कि भारतका १५% मुसलमानहरू बाहिरीया हुनः मुगलका सन्तान, पाकिस्तानको लागि सम्भावित गुप्त शत्रु, र कुनै असल हिन्दूको गाई वा छोरीको वरपर भरोसा गर्न योग्य छैनन् । हेडगेवारको उद्देश्य थियो, अनुशासित राष्ट्रवादीहरूको टोली तयार गर्नु, जसले भारतलाई हिन्दू राष्ट्रको रूपमा पुनः निर्माण गर्न सकून् ।

हेडगेवारले आरएसएसलाई सांस्कृतिक संस्था बनाउने चाहना राखेका थिए, राजनीतिक संस्था होइन । तर, जब भारतले १९४७ मा स्वतन्त्रता प्राप्त गऱ्यो, त्यसपछि भएका घटनाहरूले यसका सदस्यहरूलाई स्तब्ध बनाए । उनीहरूले भारत र पाकिस्तानको विभाजनलाई पवित्र भूमिको रुपमा टुक्र्याउने कामको रूपमा हेरे । उनीहरूले भारतको त्रिरङ्ग झण्डालाई अस्वीकार गर्दै, केसरियालाई प्राथमिकता दिए। उनीहरूले नयाँ धर्मनिरपेक्ष संविधान प्रति चर्को घृणा गर्दथे ।

१९४८ मा आरएसएसका एक पूर्व सदस्य, नाथुराम गोड्सेले स्वतन्त्रता आन्दोलनका प्रख्यात नेता महात्मा गान्धीको हत्या गरे । गोड्सेले गान्धीको आलोचना गरेका थिए, ठ्याक्कै आरएसएसले गरेको जस्तैः मुसलमानहरूप्रति नरम दृष्टिकोण अपनाएको र धर्मनिरपेक्ष लोकतन्त्रलाई प्रोत्साहन दिएको आरोपमा। समूहले आफैँलाई हत्याराबाट अलग गर्न खोज्यो, तर सरकारले यसलाई एक वर्षभन्दा बढी समयसम्म प्रतिबन्धित गऱ्यो । यसका नेताहरूले राजनीतिमा प्रवेश गर्नु पर्ने निर्णय गरे । उनीहरूले एउटा राजनीतिक शाखा स्थापना गरे, जुन आजको सत्तारुढ भारतीय जनता पार्टी (बीजेपी) को पूर्वज हो ।

आरएसएसले भारतको सबैभन्दा ठूलो ट्रेड युनियन, निजी विद्यालय प्रणाली, महिला समूह, विद्यार्थी संघ र अरू धेरै संस्था जन्माएको छ । यसका विदेशी शाखाहरूले बेलायत, अमेरिका र जहाँसुकै हिन्दू प्रवासीहरू छन्, त्यहाँ बैठकहरू आयोजना गर्छन् (यद्यपि विदेशमा रहेका आरएसएस नेताहरू आफ्ना भारतस्थित मूल संस्थासँगको सम्बन्धबारे धेरै बोल्न चाहँदैनन्) ।

आरएसएसका अनुसार यसको वित्तीय स्रोत चन्दाबाट प्राप्त हुन्छ, तर यसको आर्थिक प्रणाली पारदर्शी छैन। यसको विस्तारित नेटवर्क, "आरएसएस परिवार" मार्फत, यो भारतका हरेक कुनामा शान्तिपूर्वक प्रभाव जमाउन सफल भएको छ ।

मनोज विनायक (तस्वीरमा देखाइएको) १० वर्षको उमेरमा आरएसएसमा सामेल भएका थिए । उनी दुब्ला-पातला, अलमलिएका र अशिक्षित थिए । अन्य आरएसएस बालकहरूले उनलाई सताउने गर्थे, तर उनकी आमाले उनलाई समूह छोड्न अनुमति दिइनन् । समयक्रममा उनले साथी बनाए । उनले विद्यालय कहिल्यै सकेनन्, तर आरएसएसका वरिष्ठहरूले उनलाई कामको तालिम दिलाउन मद्दत गरे । उनले सिलाइ गर्न सिके, त्यसपछि शिक्षक। अहिले ९२ वर्षका विनायक हरेक बिहान आरएसएसको बैठकमा पुराना खाकी हाफ प्यान्ट लगाएर जान्छन् । "शाखा नभएको भए म आजको व्यक्ति हुने थिइनँ," उनी भन्छन् ।

आरएसएससँग ७३,००० भन्दा बढी शाखा (शाखाहरू) छन् । यी शाखाहरू पार्क, खेलमैदान वा मन्दिरका प्राङ्गणमा दैनिक एक घण्टा भेट्छन् । समूहले योगबाट दिनको सुरुवात गर्छ । त्यसपछि कबड्डीजस्ता परम्परागत खेलहरू खेलिन्छन्, वा ठूला लठ्ठीहरू लिएर द्वन्द्व अभ्यास गरिन्छ । अन्त्यमा इतिहास र दर्शनको पाठ दिइन्छ । समूहका नेताहरू कठोर हुन्छन् विशेष गरी निर्देशन पालना नगर्ने बालकहरूसँग ।

शाखा मोडेलले आफ्नो प्रासंगिकता कायम राख्न अनुकूलन गर्दछ। कोभिड-१९ लकडाउनका समयमा, जब सार्वजनिक जमघटहरू प्रतिबन्धित थिए, बैठकहरू ह्वाट्सएप र जुममार्फत भयो । बंगलोरजस्तो प्रविधि राजधानीमा व्यस्त पेशेवरहरूलाई ध्यानमा राखेर शाखाहरू आइतवार बिहानमा भेट हुन्छन् । यद्यपि आरएसएस सामान्यतया हिन्दी र संस्कृतलाई प्रवर्द्धन गर्छ, शाखाका बैठकहरू सबै भारतीय समुदायका लागि अंग्रेजीमा सञ्चालन गरिन्छन् ।

१६ वर्षीय अवनीश हार्डे, नागपुरका एक विद्यार्थी, पहिलो पटक आफ्नो हजुरबुवासँग आठ वर्षको उमेरमा शाखामा गएका थिए । सुरुमा उनलाई खेलहरूले उत्साहित बनायो । अहिले उनलाई इतिहासका पाठहरू मन पर्छ । उनले मुगल शासकहरूद्वारा हिन्दूहरूमाथि भएको अत्याचार र बंगलादेश र पाकिस्तान कसरी भारतबाट अलग गरियो भन्ने कुरा सिकेका छन् । एकजना क्रिश्चियन साथीले आरएसएसले धार्मिक हिंसा भड्काउने आरोप लगाए । "मैले उसलाई गुरूजीका किताबहरू पढ्न भनें," हार्डे भन्छन् ।

तर त्यो उनले सोचेजस्तो ठोस प्रतिवाद होइन। एम.एस. गोलवलकर, आरएसएसका "गुरूजी" भनिने नेताले, भारतमा हिन्दूहरूको वर्चस्वको वकालत गरेका थिए र नाजीहरूको प्रशंसा गरेका थिए। उनले लेखेका थिए, "जर्मनीले सामी जातिहरूलाई देशबाट सफा गरेर संसारलाई चकित पाऱ्यो । यो हामी हिन्दुस्तानीहरूको लागि एउटा राम्रो पाठ हो ।"

आजका दिनमा आरएसएससँग सम्बद्ध सबैभन्दा डरलाग्दा समूहहरूमा विश्व हिन्दू परिषद् (वीएचपी) र यसको युवा संगठन बजरंग दल पर्छन् । यी सदस्यहरू षड्यन्त्र सिद्धान्तमा डुबेका हुन्छन्, जस्तै मुस्लिम पुरुषहरूले "लभ जिहाद" अन्तर्गत हिन्दू महिलालाई प्रेमजालमा फसाउँछन्, वा क्रिश्चियनहरूले

बाँकी चार पृष्ठमा

# शान्ति हाम्रो जीवनको आवश्यकता हो

**प्रेम रावत**

शान्ति हरेक मानिसको एउटा अभिलाषा हो। आफ्नो जीवनमा हरेक मानिसले शान्तिको चाहना राख्छ। तथापि, सत्य कुरा केचाहिँ हो भने शान्ति मानिसभित्रै छ। शान्ति त मानिसभित्रै छ तर मानिसले जे जति कुरा खोजिरहेको छ त्यो त उसले बाहिरै खोजिरहेको छ। यसर्थ त्यसबाट जे परिणाम निस्के पनि उसले त्यसलाई बाहिरै प्राप्त गर्ने चाहना राखेको हुन्छ। भित्रको कुरा त भइरहेकै छैन। मानिस आ-आफ्नै कुरामा व्यस्त छन्।

शान्ति उनीहरूको एउटा अभिलाषा हो अनि उनीहरूले आफ्नो जीवनमा शान्तिकै चाहना राखेका हुन्। यदि शान्ति हामीभित्रै छ भने हामीले किन त्यसलाई भेट्टाउन सक्दैनौं ? त्यस चिजलाई किन हामीले साक्षात्कार नगर्ने ? रामायणको एउटा छोटो पङ्क्ति छ : मानिसको शरीर भवसागर तर्ने डुङ्गा हो।

यो श्वासको आवागमन नै मेरो कृपा हो।

यसको अर्थ के हो भने, यो मानिसको शरीर यो भवसागरबाट पार हुने एउटा साधन हो। अनि, यो श्वासको आउनु-जानु नै मेरो कृपा हो। यदि हामीले केवल यो भागलाई आफ्नो जीवनमा उताऱ्यौं भने पनि काम बन्छ। हाम्रो जीवनमा हजारौं समस्या छन्। यति हुँदाहुँदै पनि एक मिनेटका लागि हामीले धैर्य गरेर आफ्ना सबै समस्यालाई एकातिर राख्यौं भने 'यो मानिसको शरीर हामीले पाएका छौं र यही मानवशरीर यो भवसागरबाट पार तर्ने एउटा साधन हो' भन्ने कुरालाई बुझ्छौं।

यो श्वासको आउनु-जानु नै उनको कृपा हो। हामी सृष्टिकर्ताको कृपा चाहन्छौं। परमेश्वरको कृपा चाहन्छौं। मानिसहरू मनोकामना पूरा होस् भनेर प्रार्थना गर्छन्। होइन, यो नयाँ कुरा होइन। यी सबै पहिला पनि भइसकेका कुरा हुन् अनि त्यो के कुरा हो ? मनोकामनाहरूलाई पूरा गर्नुपर्छ भन्ने कुरा होइन। इच्छाहरूलाई पूरा गर्नुपर्छ भन्ने कुरा होइन। तपाईँलाई एउटा जीवनरूपी उपहार प्राप्त भएको छ। तपाईँलाई त्यसैले चलाउँछ। बच्चा जन्मेपछि आमाबाबाले उसले श्वास लिइरहेको छ या छैन भनेर हेर्छन् ! हुन त सबैभन्दा पहिला मानिसहरूमा छोरा हुन्छ या छोरी भन्ने मत्त्वाकाङ्क्षा हुन्छ। बच्चा जन्मिएपछि आमाबुबाको ध्यान केवल एउटै कुरामा केन्द्रित हुन्छ- छोरो भयो, छोरी भइन् भन्ने कुरामा होइन ! केवल श्वास लिइरहेको छ या छैन भन्ने कुरामा ध्यान जान्छ।

तपाईंले याद गर्नु आवश्यक छैन। तपाईंले कुनै बटनलाई थिच्नु आवश्यक छैन। तपाईंले कतै पहाडमाथि चढ्नु आवश्यक छैन। तपाईँले सृष्टिकर्तासँग प्रार्थना गर्नु पनि आवश्यक छैन। श्वास आइरहेको छ, गइरहेको छ। आउने र जाने क्रम चलिरहेसम्म चिन्ता हुँदैन। सोच्नुपर्ने कुरा के हो भने, कोही जन्मिनासाथ हाम्रो मनमा श्वास आइरहेको छ या छैन भन्ने कुराको चिन्ता हुन्छ। अर्कोतिर जब कोही मानिसले अन्तिम श्वास लिएपछि अस्पतालमा उसको अन्तिम परीक्षण हुन्छ- त्यतिखेर पनि ऊ जीवित छ या छैन भन्ने चिन्ता हुन्छ। अन्तिम जाँच ! ऊ श्वास लिइरहेको छ या छैन !

विडम्बना के हो भने, बाहिरका सबै चिजहरू हाम्रा लागि अत्यन्तै महत्त्वपूर्ण भइदिन्छन्। हामीले आफ्ना चाहनाहरूका बारेमा त निकै राम्रोसँग बुझेका पनि हुन्छौं तर हाम्रा आफ्नै आवश्यकतालाई त्यति धेरै बुझेका छैनौं। तपाईंले यी चिजलाई दुई भागमा बाँड्नुहोस् तपाईंको आवश्यकता के हो र तपाईंको चाहना के हो ? तपाईंलाई भोजनको आवश्यकता छ। यदि तीन हप्तासम्म तपाईंले खाना पाउनुभएन भने तपाईं भोकले मर्नुहुनेछ। पानीविना तपाईंको शरीर अधुरो रहनेछ। यी तपाईंका अत्यावश्यक चिज हुन्। तपाईं के चाहनुहुन्छ ? त्यो कार चाहिएको छ, त्यो टेलिभिजन चाहिएको छ, यो चाहियो, त्यो चाहियो। तर कुरा के हो भने, तपाईंलाई त्यस चिजको आवश्यकता छ जसको अभावमा तपाईं जिउनै सक्नुहुन्न। तपाईंका इच्छाहरू पूरा होऊन् या नहोऊन् तर तपाईं जीवित रहन सक्नुहुन्छ।

मैले तपाईंलाई आफ्नो आवश्यकता पूरा गर्नुहुँदैन भन्न खोजेको होइन। तथापि, हाम्रो आवश्यकता के हो र इच्छा के हो भन्ने कुराको बीचमा फरक सधैं छुट्याउनुपर्छ। चाहना परिवर्तन हुन्छ तर तपाईंले खाना खानुपर्ने आवश्यकता बदलिँदैन। तपाईंले श्वास लिनुपर्ने कुरा बदलिँदैन। यदि हामीले यो भेदलाई बुझ्यौं भने फेरि अर्को एउटा प्रश्न उब्जिन्छ। शान्तिको अनुभव गर्ने कुरा हाम्रो चाहना हो या हाम्रो आवश्यकता हो ? कतिपय मानिसले शान्ति हाम्रो चाहना हो भन्छन्। तर, यदि हामीसँग शान्ति छैन भने हामी मूलरूपमा ती तीनवटा कुरा मात्र गरिरहेका छौं- खाना खाइरहेका छौं, पानी पिइरहेका छौं अनि जीवित छौं। जीवनमा सबैभन्दा मत्त्वपूर्ण कुरा के हो भने, शान्ति आवश्यकता हो, चाहना होइन।

आफूले आफूलाई चिन्नुहोस् ! आफूले आफूलाई चिन्नु भनेको के हो भने, तपाईं त्यो डुङ्गा हुनुहुन्छ, त्यो भवसागरबाट पारि जाने साधन हुनुहुन्छ। अनि, त्यो तपाईंभित्र आउने-जाने गरिरहेको श्वास सबैभन्दा ठूलो कृपा हो। यसर्थ तपाईंको जीवनमा कृतज्ञता र आभार एकदमै महत्त्वपूर्ण कुरा हो। यथार्थमा यसको अर्थ के हो भने, तपाईंको जीवनमा आभार भएमा तपाईंका अघि जेसुकै भए पनि, तपाईंका सामुन्नेमा जेसुकै भए पनि तपाईंले त्यसको राम्रोपनलाई स्वीकार गरिरहनुहुन्छ।

हामी सबै जीवनमा विजय हासिल गर्न चाहन्छौं। हामी दुःखमा पनि विजय प्राप्त गर्न चाहन्छौं अनि सुखमा पनि। जीवनमा जति पनि चुनौतीहरू आउँछन्, ती सबैमा हामी जित होओस् भन्ने चाहन्छौं। तर, यदि हामी आफूले आफैँमा विजय हासिल गरेनौं भने सबै कुरा निरर्थक हुनेछ।

यदि एकमा शून्य जोड्ने हो भने एक त एक नै रहन्छ। शून्य भनेको त्यो अनन्त चिज हो। त्यसलाई नापजाँच गर्न सकिँदैन। त्यसलाई केही पनि गर्न सकिँदैन। यदि त्यस अनन्त चिजसँग हामी जोडियौं भने के बन्न सक्छौं ? म एक हुँ र त्यो अनन्त शून्य हो। यदि मेरो भेट मभित्र रहेको त्यो शून्यसँग, त्यो अनन्तसँग हुन्छ भने म पनि अनन्त बन्छु। तर, यो शरीर होइन। यो त नाशवान् छ र नाशवान् नै रहनेछ।

तर, जुन भित्रको चिज छ, मभित्र जो अविनाशी बसेका छन्। यदि म उनीसँग जोडिएँ भने म पनि उनैमा समाहित हुन्छु। त्यसपछि, म पनि सबै स्थानमा हुन्छु। यदि म उनैमा लीन भएँ भने त मेरा लागि त्यही नै सबैथोक हो। यदि म लीन हुन सकिन भने त मेरो पूरै ध्यान यही माटोमा, यही शरीरमा जानेछ। यसले त एकदिन माटो नै बन्नुपर्नेछ। अनि, माटोमा गएर मिल्नु छ, चाहे हामी जेसुकै गर्ने कोशिश गरौं।

यहाँ के भइरहेको छ भन्ने कुरा मानिसले बुझ्न ! सबैभन्दा ठूलो कुरा त यो हो। जुन बाहिर भइरहेको छ, त्यो सत्य होइन। त्यो बदलिरहनेछ, बदलिरहनेछ तर जुन यहाँ (हृदय) भित्र भइरहेको छ त्यो साँचो हो। त्यो सत्यको अभावमा सारा कुरा अधुरो छ। यदि हामीले यो कुरालाई बुझेनौं, यो कुरालाई जानेनौं भने हामी यहाँ आउनुको फाइदा नै के भयो र !

जे हामी गर्छौं त्यसबाट के कुरा स्पष्ट हुन्छ भने, हामी कहिल्यै, कतै पनि गइरहेका छैनौं तर यो पनि साँचो होइन। एकदिन हामी सबैले जानु छ। यो कुरालाई जान्दाजान्दै पनि हामीले आफ्नो व्यवहारलाई कसरी बदलिरहन्छौं ! यो जुन वास्तविकता छ यसलाई हामी आफ्नो जीवनमा स्वीकार गर्दैनौं। हामीले यो सत्यतालाई स्वीकार नगरेसम्म हाम्रो जीवनमा के हुन्छ र ? हामीले अवश्य पनि जानु नै छ तर कहाँ जान्छौं त हामी ?

महाभारतमा एउटा कथा छ। एकपटक वनमा भ्रमण गर्दै गर्दा पाँच पाण्डवलाई एकदमै धेरै तिर्खा लाग्यो। युधिष्ठिरले भाइहरूसँग भने, 'तिमीहरूमध्ये कोही गएर पानीको खोजी गर अनि मलाई भन।'

तब सहदेवले भने, 'म जान्छु।' सहदेव गए तर फर्केर आएनन्। घण्टौं बित्यो ! त्यसपछि नकुलले भने, 'म जान्छु।'

यस्तो गर्दागर्दै सबै भाइहरू गए तर फर्केर आएनन्। युधिष्ठिरलाई चिन्ता भयो। उनी खोज्नका लागि हिँडे। खोज्दा-खोज्दा तलाउको किनारमा पुगे। जसै उनी पानी पिउने उद्देश्यले अघि बढे उनको आँखा भाइहरूमा पऱ्यो। उनीहरू त किनारामा मरिरहेका छन्। तैपनि, युधिष्ठिरले आफ्नो हात पानीमा डुबाउँदै मात्र के थिए त्यहाँ भएका गन्धर्वले भने, 'पख ! पानी नपिऊ ! पहिला मेरो प्रश्नको उत्तर देऊ अनि मात्र म पानी पिउने अनुमति दिनेछु।' युधिष्ठिरले भने, 'होइन, मलाई धेरै तिर्खा लागेको छ। पानी दिनुहोस्।'

गन्धर्वले भने, 'तिम्रा भाइहरूले पनि मेरो कुरालाई सुनेनन् अनि पानी पिउनतिर लागे। अहिले सबै मरिरहेका छन्। तिम्रो पनि यस्तै अवस्था हुनेछ।'

तब युधिष्ठिर भन्छन्, 'सोध्नुहोस् ! के सोध्न चाहनुहुन्छ !' त्यसपछि गन्धर्वले थुप्रै प्रश्नहरू सोधे। त्यसमध्ये एउटा प्रश्न थियो- 'सबैभन्दा अचम्मको चिज के हो ?'

युधिष्ठिरले भने, 'मानिस नै यस्तो अचम्मको प्राणी हो जसलाई यो कुरा थाहा छ- उसले एकदिन मर्नुपर्छ। तर, ऊ आफू कहिल्यै पनि मर्दिन भनेजसरी जिउँछ। यसकारण मानिस अचम्मको प्राणी हो !'

यो कुरा मर्नेबारेको होइन। कुरा त बाँच्ने तरिकाका बारेमा हो। मानिस कसरी बाँचिरहेको छ ! कुरा धन कमाउने विषयमा पनि होइन। तर, जुन तरिकाले हामी कमाइरहेका छौं, कुरा त्यसको हो। हामी त यसरी बटुलिरहेका छौं कि मानौं हामी यो धनलाई आफूसँगै लैजानेछौं। यो सम्भवै नहुने कुरा हो। किनभने, हामी सबैले यहाँबाट एक न एकदिन जानुपर्छ तर हामी आफूसँग केही पनि लिएर जान सक्दैनौं। यदि कुनै चिजलाई लिएर जान सक्छौं भने त्यो एउटै कुरा छ : त्यो हो- 'शान्ति'। जसलाई प्राप्त गर्न तपाईंले आफूले आफैँलाई चिन्नु आवश्यक छ। आफूभित्र ती परम् शक्तिलाई, त्यो शान्तिलाई अनुभव गर्नु आवश्यक छ, जसलाई हासिल गरेपछि तपाईं वास्तवमा विजयी हुनुहुनेछ।

मानवता र शान्ति विषयका अन्तर्राष्ट्रिय वक्ता प्रेम रावतको सम्बोधन। संकलन एवं प्रस्तुतीकरण : डा. प्रेमराज ढुङ्गेल। न्युज अफ नेपालबाट

## *आरएसएसको भित्री ...*

छलकपट गरेर धर्मान्तरण गराउँछन्। कहिलेकाहीं, यी समूहका सदस्यहरूले मुसलमान वा क्रिश्चियनहरूलाई आक्रमण गर्छन्, जसलाई उनीहरूले यस्ता गतिविधिमा संलग्न भएको आशंका गर्छन्। यस्ता आक्रमणका भिडियोहरू भाइरल हुन्छन् र अल्पसंख्यक समुदायलाई "सार्वजनिक क्षेत्रबाट गायब हुने" सन्देश दिन्छन्, भन्छन् किंग्स कलेज लन्डनका क्रिस्टोफ जाफ्रेलोट।

२००२ मा गुजरातमा भएको हिन्दू-मुस्लिम हिंसामा १,००० भन्दा बढी मानिस मारिए। प्रत्यक्षदर्शीहरूले आक्रमणकारीहरूले खाकी हाफ प्यान्ट र केसरिया स्कार्फ लगाएको बताएका थिए। प्रहरी रिपोर्टले स्थानीय बीएचपी प्रमुखहरूलाई दंगाका नेतृत्वकर्ताका रूपमा दोष लगाएको थियो। बजरंग दलका एकजना पूर्व प्रमुखले छद्मरुपका पत्रकारसँग गर्व गर्दै गर्भवती महिलाको पेट चिरेर हत्या गरेको स्वीकारेका थिए। त्यतिबेला गुजरातका मुख्यमन्त्री रहेका नरेन्द्र मोदीलाई हिंसामा सामेल नहुनका लागि पर्याप्त कदम नचालेको आरोप लगाइएको थियो। तर, भारतको सर्वोच्च अदालतले उनलाई सहअपराधी ठहर गर्ने प्रमाण नभएको बताउँदै सफाइ दियो।

आरएसएसले आफूलाई शान्तिपूर्ण संगठन भएको दाबी गर्दछ। पछिल्लो समय, यसका नेताहरूले युरोपेली फासिस्टहरूको प्रशंसा गर्ने अघिल्लो पुस्ताका नेताहरूबाट टाढा रहने प्रयास गरेका छन्। उनीहरू आरएसएसका परोपकारी कार्यहरूको कुरा गर्न रुचाउँछन्: ५२,५०० परियोजनाहरू, १३,००० विद्यालयहरू, स्वास्थ्य क्लिनिक र आश्रयस्थलहरू स्थापना गरेकोमा गर्व गर्दछन्। आरएसएसका प्रवक्ता सुनिल अंबेकर भन्छन्, संगठनले सबै धर्मका मानिसहरूलाई स्वागत गर्छ, तर गैर-हिन्दू सदस्यहरूको संख्या गणना गर्दैन। हो, उद्देश्य भारतलाई हिन्दू राष्ट्र बनाउने हो, तर संगठन "हिन्दू" लाई हिन्दुस्तानका मानिसहरू, वा "हिन्दू जीवनशैली पालना गर्नेहरू" भनेर परिभाषित गर्दछ।

हिन्दूहरूलाई एकताबद्ध गर्न आरएसएसले जातीय विभाजन हटाउन चाहन्छ। तर, यो कुरा गर्न त्यति सजिलो छैन। राजस्थानका दलित (पहिले "अछूत" भनिन्थ्यो) भँवर मेघवंशी आफ्नो स्थानिय शाखामा सामेल हुँदा सबैले उनलाई सम्मानपूर्वक "जी" भनेर सम्बोधन गरेको देखेर खुसी भए। तर उनले शाखाका नेताहरू सबै उच्च जातिका भएको देखे। एकपटक जब बैठक उनीहरूको टोलमा आयोजना गरियो र उनले सबैका लागि खाना पकाए, नेताहरूले भने कि उनीहरू खाना बाटोमै खानेछन्। पछि त्यो खाना सडक किनारमा फालिएको पाइयो-उनीहरूलाई दलितको घरमा पकाइएको खाना खान मन थिएन। त्यसपछि मेघवंशीले आरएसएस छोडिदिए।

**मोदीको आरएसएससँगको सम्बन्ध सरल छैन**

मोदी प्रायः आफू प्रचारकको रूपमा आरएसएसमा बिताएका दिनको कुरा गर्छन्, जहाँ उनले आरएसएस कार्यालयहरूमा सुत्ने, बिहानै उठ्ने, साधारण खाना खाने, र धेरै योगा गर्ने सख्त दिनचर्या अपनाए। उनले एउटा सानो झोलामा जीवन बिताउँदै भारतभर यात्रा गरे र प्रेरणादायी भाषण दिए। आरएसएसका अखबार अर्गनाइजर का पूर्व सम्पादक आर. बालाशंकर भन्छन् कि प्रधानमन्त्रीले आफ्नो अनुशासन र वक्तृत्वकला त्यहीं विकसित गरे।

भारत जति विशाल, विविधतायुक्त र विकेन्द्रीकृत छ, यो कहिल्यै इरानजस्तो धर्मशासित राष्ट्र बन्न सक्दैन। तर, मोदीको शासनमा सरकारले "हिन्दू विजयवाद" को संकेत देखाएको छ। भारतको एकमात्र मुस्लिम-बहुल राज्य जम्मू-कश्मीरको स्वायत्तता खोसेको छ। नागरिकता सम्बन्धी नियमहरू ल्याएको छ, जसले मुसलमानहरूप्रति विभेद गर्छ। केही राज्यहरूले गाईको वध र धार्मिक रूपान्तरणसम्बन्धी कानुनलाई कडा बनाएका छन्। मोदीले अयोध्यामा एउटा हिन्दू मन्दिरको निर्माणको अध्यक्षता गरेका थिए, जुन १६औं शताब्दीको मस्जिद भत्काएर बनाइएको हो। १९९२ मा उक्त मस्जिद भत्काउँदा ठूलो रक्तपात भएको थियो।

यद्यपि, मोदीको आरएसएससँगको सम्बन्ध सरल छैन। आरएसएसले सधैं भाजपा सरकारलाई नियुक्ति र नीति निर्माणमा सल्लाह दिएको छ। तर, मोदीको पहिलो दुई कार्यकालमा जब भाजपासँग संसदमा प्रचण्ड बहुमत थियो, उनको सरकारले आरएसएसबाटै जन्मिएको आन्दोलनको सल्लाहलाई खासै महत्व दिएनन्। सँगै, सरकारले मोदीको व्यक्तित्वलाई केन्द्रित गर्दै प्रचार गरेको छ, बिलबोर्ड, खोपका प्रमाणपत्र र राज्यले गरिबहरूलाई वितरण गर्ने अन्नका झोलामा उनको तस्बिर राखेको छ। यसले धेरै आरएसएस अधिकारीहरूलाई क्रोधित बनाएको छ, जसले कुनै व्यक्तिलाई, यहाँसम्म कि प्रधानमन्त्रीलाई पनि संगठनभन्दा ठूलो ठान्दैनन्।

**टकरावको प्रारम्भ**

आरएसएस र यसको प्रसिद्ध अनुयायीबीच अहिले एउटा खुला संघर्ष देखिएको छ। २०२४ को चुनावमा मोदीले तेस्रो कार्यकाल जिते, तर संसदमा पार्टीको एकल बहुमत गुमाए। यसले उनको शक्ति सीमित गऱ्यो, जसले सहयोगीहरूलाई बेवास्ता गर्न गाह्रो बनायो। चुनावपछिका दिनमा, भागवतले परोक्ष रूपमा मोदीको आलोचना गरे; र मोदीले भागवतलाई बढी सुरक्षा दिने तथा सरकारी कर्मचारीहरूको आरएसएस सदस्यता माथिको पुरानो प्रतिबन्ध हटाउनेजस्ता समर्पणका संकेत देखाए।

यो भन्न कठिन छ कि मोदीलाई आरएसएसको बढी आवश्यकता छ कि आरएसएसलाई मोदीको। आरएसएसका लाखौं स्वयंसेवकले भाजपा पार्टीको विचारधारा प्रचार गर्छन् र मतदाताहरूलाई आकर्षित गर्छन्। "यो भाजपाको चुनावी बलियो पत्ता हो," इतिहासकार तानिका सरकार भन्छिन्। "अरू कुनै पार्टीसँग यस्तो काडर छैन।" तर मोदीबिनाको आरएसएसले आफ्नो बहुसंख्यकवादी दृष्टिकोण कदापि यति धेरै सफल बनाउने थिएन। केही आरएसएसका ठूला अधिकारीहरूले मोदीको चर्चाको बढाइचढाइलाई असन्तोषपूर्वक हेरे पनि, साधारण सदस्यहरू उनलाई श्रद्धा गर्छन्।

१३ वर्षीय श्रीवल्लभ वशीमकरले नागपुरको शाखामा जान सुरु गरेको छ वर्ष भयो। उनलाई थाहा छ, मोदी पनि आरएसएसमा उनीजस्तै एक सामान्य कार्यकर्ताका रूपमा सुरु भएका थिए। यसले उनलाई कस्तो महसुस गराउँछ ? उनले ध्यानपूर्वक फहराइरहेको केसरी झण्डाबाट आँखा उठाउँदै भने, "म गर्व महसुस गर्छु।" (द इकोनोमिष्ट, १९, डिसेम्बर २०२४) एबिसी न्युजबाट

# एक हजार ७ सय १७ केजी गाँजा बरामद



**राजविराज**/सप्तरी प्रहरीले प्रतिबन्धित लागुऔषध गाँजा ठूलो परिमाणमा पुनः बरामद गरेको छ। बालुवा गिट्टीले छोपेर तस्करीका लागी टिपरमा लुकाएर लैजादै गरेको १ हजार ७ सय १७ केजी गाँजा सप्तरी प्रहरीले बरामद गरेको हो।

यसअघि सप्तरी प्रहरीले गत मंसिर ३ गते हुलाकी सडक खण्ड अन्तर्गत सप्तरीको राजगढ गाउँपालिका सडक खण्डमा बालुवागिट्टी बोकेको टिपरबाट १ हजार ७ सय १७ केजी प्रतिबन्धित लागु औषध गाँजा बरामद गरेको थियो।

प्रहरीले बलानविहुल गाउँपालिका वडा नं.१ बलानपट्टीस्थित खेतबाट परालले छोपी राखिएको अवस्थामा ६ सय ७० केजी गाँजा बरामद गरेको जनाएको छ।

तस्करीका लागी २४ वटा प्लास्टिकको प्याकेट बनाई परालमुनी लुकाई राखिएको अवस्थामा गोप्य सुचनाको आधारमा प्रहरी चौकी मौवाहाका प्रहरी सहायक निरिक्षक हेमन्त तमाङको नेतृत्वका खटेको टोलीले उक्त गाँजा बरामद गरिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए।

उक्त गाँजा भण्डारण गर्ने व्यक्तीको पहिचान खुल्न बाँकी रहेको र यसबारे आवश्यक अनुसन्धान भइरहेको उनले बताए।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीले प्रतिबन्धित लागु औषध गाँजा बरामदगी तथा आफ्नो क्षेत्रमा उत्कृष्ट सेवा प्रदान गरेको भन्दै प्रहरी सहायक निरिक्षकसहित हेमन्त तमाङ, प्रहरी बरिष्ठ हबल्दार राजकुमार महतो तथा प्रहरी जबान अर्जून कुमार साह र मुकेश रायलाई पुरस्कृत गरिएको छ।

# राबि नपाको स्कारपियोको ठक्करबाट मोटरसाइकलमा सवार दुई जना गम्भिर

**राजविराज**/राजविराज नगरपालिकाको स्कारपियोले मोटरसाइकललाई ठक्कर दिंदा दुई जना गम्भिर घाइते भएका छन्।

हुलाकी सडक खण्ड अन्तरगत सप्तरीको बोदेबर्साइन नगरपालिका ५ स्थित विद्युत प्राधिकरण कार्यालय नजिकै बिहान राजविराज नगरपालिकाको स.१झ. ४८१ नम्बरको स्कारपियोको ठक्करबाट मोटरसाइकल सवार दुई जना गम्भिर घाइते भएका हुन्।

घाइते हुनेहरुमा को.३०प. २७३७ नम्बरको मोटरसाइकल चालक बोदेबर्साइन नगरपालिका १ निवासी १५ वर्षिय राजेशकुमार यादव र मोटरसाइकलको पछाडी सवार सोही वडा निवासी २० वर्षिय अमितकुमार यादव छन्।

दुबै जनालाई स्थानीय जिवन ज्योती अस्पतालमा प्रारम्भिक उपचारपछी थप उपचारका लागि एक जनालाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा तथा अर्कोलाई धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको प्रहरीले जनाएको छ।

दुर्घटनामा नगरपालिकाको गाडीको अग्रभाग तथा मोटरसाइकलको पुरै भाग क्षतिग्रस्त भएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतका अनुसार गाडीका चालक बिनोद साहले चलाइरहेको उक्त गाडीमा राजविराज नगरपालिकाका एक वडा अध्यक्षसहित चार पाँच जना सवार रहेको थिए।

तिब्र गतिका कारण साइड दिने क्रममा अनियन्त्रित भई मोटरसाइकलमा ठोकिन पुगेको स्थानीयको भनाई छ। घटनापछी चालक गाडीबाट फरार भएको र उनको खोजिकार्य भइरहेको प्रहरीले जनाएको छ।

# विभिन्न मुद्दाका दुई महिलासहित पाँच फरार प्रतिवादी पक्राउ

**राजविराज**/अदालतबाट कैद, जरिवाना सजाय तोकेका फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गर्ने अभियान चलाएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले कुटपिट र लुटपिटका दुई महिलासहित पाँच फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा सप्तरीको विष्णुपुर गाउँपालिका ३ निवासी शान्तिदेवी यादव र सोही ठाउ निवासी ललितादेवी साह छिन्। शान्तिदेवीलाई सप्तरी जिल्ला अदालतले कुटपिट मुद्दामा ५ सय तथा सोही वडा निवासी ललितादेवी साहलाई लुटपिट मुद्दामा ३ हजार ४ सय ३८ रुँपैया जरिवाना गरेको थियो।

यस्तै जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेताका अनुसार विद्युत चोरी कसुर मुद्दाका फरार अभियुक्त सोही पालिकाको वडा नं. ९ बस्ने देवनारायण यादव, शिक्षा सम्बन्धी कसुर मुद्दाका राजगढ गाउँपालिका ५ फेकरा निवासी दिनेश कुमार साह र कुटपिट मुद्दाका तिरहुत गाउँपालिका त्रिकोलका अनुपलाल सुतिहार पनि पक्राउ परेका छन्।

अदालतबाट उक्त मुद्दाहरुमा फैसला भई कैद तथा जरिवाना तोकिएपछि उनीहरु फरार रहेको प्रहरीको भनाई छ। पक्राउ परेका पाँचै जनालाई सोमबार नै अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

## अन्तर्राष्ट्रिय समाचार

# भारतीय अस्पतालमा भएको बलात्कारको घटनामा रोय दोषी ठहर

**कलकत्ता**/भारतको एक अदालतले शनिबार एक ३३ वर्षीय पुरुषलाई चिकित्सकको बलात्कार र हत्याको दोषी ठहर गरेको छ। गत अगस्टमा पूर्वी शहर कलकत्ताको एक सरकारी अस्पतालको सेमिनार कक्षमा प्रशिक्षार्थी चिकित्सकको बलात्कारपछि हत्या भएको थियो। पीडितको रगताम्य शव फेला परेको थियो। घटनापछि सरकारी अस्पतालका चिकित्सकहरूले थप सुरक्षाको माग गर्दै कलकत्ता र भारतका अन्य ठाउंका हजारौं नागरिकहरू ऐक्यबद्धता जनाउँदै डाक्टरहरूको विरोधप्रदर्शनमा सामेल भएका थिए। प्रतिबादी सञ्जय रोयको मुद्दा द्रूत गतिमा सुनुवाई अघि बढाइएको थियो र यस मुद्दामा एक हप्ता अघि मात्र बहस सकिएको थियो। अस्पतालका नागरिक स्वयंसेबक रहेका रोयलाई बलात्कार र हत्याको दोषी ठहर गरेपछि न्यायाधीश अनिर्बान दासले सोमबार सजाय सुनाइने बताउनुभएको छ।

रोयले लगातार आफू निर्दोष रहेको बताउँदै आएका छन्। फैसलापछि उनले भने, “मलाई फसाइएको छ।” रोयलाई जेलको भ्यानले अदालतमा ल्याएको थियो। अदालतमा ल्याउँदै गर्दा प्रदर्शनकारीको भीडले उहाँविरूद्ध नाराबाजी गर्दै आक्रमण प्रयास गरेपछि प्रहरी अधिकारीहरूले रोकेका थिए। रोयप्रति आक्रोश व्यक्त गर्न भेला भएका प्रदर्शनकारीले उनलाई मृत्युदण्ड दिनुपर्ने माग गरेका थिए। उनीहरूले नारा लगाउँदै भने, “बलात्कारीलाई फाँसी देऊ, फाँसी देऊ। “यौन हिंसाका घटनाहरूको रिपोर्टिङको सन्दर्भमा भारतीय कानूनअनुसार पहिचान नगरिएका पीडितका परिवारले पनि यो भावनालाई प्रतिबिम्बित गरेका थिए। रोयबाट केही मिटरको दूरीमा बसेकी पीडितकी आमाले एएफपीसँग भन्नुभयो, “यदि उसलाई मृत्युदण्ड दिइएन भने आम मानिसले न्यायपालिका माथिको विश्वास गुमाउनेछन्।” मृतक युवतीका बुवाले अझै भन्नुभयो, “उसले हाम्रो छोरीको जीवनलाई क्रूरतापूर्वक अन्त्य गरेको छ। उ पनि त्यस्तै नियतिको हकदार हुन्छ।”

एक चिकित्सकमाथिको अपराधले देशव्यापी आक्रोश निम्त्यायो र राज्यभरिका डाक्टरहरूले पीडितलाई न्याय दिन र सरकारी अस्पतालहरूमा कडा सुरक्षा उपायहरूको माग गर्दै लामो समयसम्म विरोध प्रदर्शन गरेका थिए। मृतकको शव फेला परेको एक दिनपछि रोयलाई पक्राउ गरिएको थियो। सन् २०१२ मा दिल्लीको बसमा एक युवतीको सामूहिक बलात्कार र हत्याको घटनासँग यस आक्रमणको विभत्स प्रकृतिको तुलना गरिएको थियो। एजेन्सी

# इजरायली सरकारद्वारा गाजा युद्धविराम समझौतालाई अनुमोदन

**जेरूसेलम**/इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले शनिबार गाजा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौतालाई इजरायलको मन्त्रिपरिषद्ले अनुमोदन गरेको जनाएको छ। आइतबारदेखि सुरु हुने युद्धविरामले गाजाको अहिलेसम्मकै सबैभन्दा घातक युद्धमा लडाई र बमबारी रोकिनेछ। यसले सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि इजरायली जेलबाट सयौं प्यालेस्टिनी कैदीको बदलामा उक्त क्षेत्रमा रहेका बन्धकहरूलाई रिहा गर्न निर्देशित गरेको छ।

नेतन्याहूको कार्यालयले शनिबार बिहान मन्त्रिपरिषद्मा भएको मतदानपछि भन्नुभयो, “सरकारले बन्धक फिर्ता गर्ने योजनालाई अनुमोदन गरेको छ।” इजरायलको न्याय मन्त्रालयले पहिलो चरणको सम्झौताअनुसार ७३७ जना कैदी बन्दीलाई रिहा गरिने जनाएको छ। इजरायली सेनाले युद्धविराम सम्झौताको घोषणा भएपछि पनि कारबाहीलाई जारी राखेको जसबाट दर्जनौंको ज्यान गुमेको छ। सेनाले बिहीबार जारी गरेको एक विज्ञप्तिमा भनिएको छ, “सेनाले विगत २४ घण्टामा गाजाका करिब ५० वटा लक्ष्यमा आक्रमण गरेको छ।”

निवर्तमान अमेरिकी राष्ट्रपति जो बाइडनको टोलीसँग मिलेर सम्झौता गर्ने श्रेय लिएका डोनाल्ड ट्रम्पको सपथ ग्रहणको पूर्वसन्ध्यामा यो युद्धविराम लागू हुन लागेको हो। नेतन्याहूको कार्यालयले यसलाई ‘युद्धको उद्देश्य हासिल गर्न समर्थन गर्ने’ भन्दै इजरायलको सुरक्षा क्याबिनेटले यसलाई अनुमोदन गरेको थियो। प्यालेस्टाइनका राष्ट्रपति महमुद अब्बासले प्यालेस्टिनी प्राधिकरणले युद्धपछि गाजामा पूर्ण जिम्मेवारी लिने तयारी पूरा गरेको बताउनुभएको छ। युद्धविराम सुरु हुनुअघि नै विस्थापित गाजावासीहरू घर फर्कने तयारी गरिरहेको स्थानीय सञ्चारमाध्यमबाट प्रशारित समाचारमा जनाइएको छ। एजेन्सी

# पहिलो चरणमा ७३७ कैदीलाई रिहा गर्ने इजरायलको घोषणा

**जेरुसेलम**/इजरायलको न्याय मन्त्रालयले शनिबार स्वीकृत गाजा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौताको पहिलो चरणअन्तर्गत ७३७ कैदी बन्दीलाई रिहा गरिने जनाएको छ। इजरायलले आफ्नो वेबसाइटमा जारी गरेको विज्ञप्तिमा भनिएको छ, “सरकारले हाल कारागार सेवाको हिरासतमा रहेका ७३७ कैदी तथा बन्दीलाई रिहा गर्न स्वीकृति दिएको छ।”इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले शनिबार बिहानै युद्धविराम सम्झौतालाई अनुमोदन गर्न इजरायलको क्याबिनेटले मतदान गरेको र यो सप्ताहन्तमा युद्धविराम लागू हुने वा नहुने भन्ने अनिश्चितता अन्त्य भएको जनाएको छ। मन्त्रालयले पुरुष, महिला र बालबालिकालाई स्थानीय समयअनुसार आइतबार अपराह्न ४ बजे स्थानीय समयअनुसार १४ :०० बजे रिहा नगर्ने जनाएको छ।

यसअघि मन्त्रालयले गाजामा रहेका इजरायली बन्दीको बदलामा रिहा हुने ९५ जना प्यालेस्टिनी कैदीको सूची प्रकाशित गरेको थियो। विस्तारित सूचीमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासको फताह पार्टीका सशस्त्र शाखाका प्रमुख जकारिया जुवेदी पनि हुनुहुन्थ्यो। सन् २०२१ मा इजरायलको गिल्बोआ जेलबाट अन्य पाँच जना प्यालेस्टिनीसँग जुबेदी भाग्नुभएको थियो। रिहा हुनेमा प्यालेस्टिनी वामपन्थी सांसद खालिदा जरार पनि हसनुहुन्छ जसलाई इजरायलले गिरफ्तार गरेर कैयौं पटक जेलमा राखेको थियो। एजेन्सी

# छैठो मेयरकप फुटबल प्रतियोगितामा पिडरबोनीको बिजयी सुरुवात

**राजबिराज**/सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित छैठो मेयरकप २०८१ फुटबल प्रतियोगितामा पिडरबोनी फुटबल क्लब पिडरबोनी सिरहाले बिजयी सुरुवात गरेको छ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा सन्यासी युवा क्लब पोखरिया सप्तरीको संयोजन तथा छैठो मेयरकप २०८१ फुटबल प्रतियोगिता सञ्चालन समितिद्वारा सञ्चालित प्रतियोगिता अन्तर्गत आज शनिबार सम्पन्न खेलमा गोलबजार स्पोर्टस क्लब गोलबजार सिरहालाई पराजित गर्दै पिडरबोनीले बिजयी सुरुवात गरेको हो।

प्रतियोगिताको दोश्रो हाफको २७ औं मिनेटमा पिडरबोनीका जर्सी नम्बर १३ का खेलाडीले गोल गरी टिमको जित निश्चित गरेको थियो।

प्रतियोगितामा रातो कार्ड पाएर गोलबजारका खेलाडी बिश्वास राई मैदानबाट बाहिरिएपछि गोलबजार १० खेलाडीले खेलेका थिए।

प्रतियोगिता अन्तर्गत आइतबार राइजिङ्ग स्टार फुटबल टीम धनगढीमाई सिरहा र सन्यासी युवा क्लब पोखरिया सप्तरीबीच हुने सन्यासी युवा क्लबका सचिव श्रवण कुमार चौधरीले जानकारी दिए।

सप्तरीसहित सिरहा, महोत्तरी, उदयपुर र मोरङ्गका १० टिमको सहभागिता रहेको सो प्रतियोगिताका बिजेता टिमले नगद रु. ५५ हजार तथा ट्रफि र उपविजेता टिमले नगद रु. ४५ हजार तथा कप प्राप्त गर्ने आयोजकले जनाएको छ। सन्यासी युवा क्लबले गत २०४३ सालदेखि फुटबल प्रतियोगिता सञ्चालन गर्दै आएको छ।

# १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाइँदै

**काठमाडौं**/स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सरकारले १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाउन लागेको जानकारी दिएका छन्।

काठमाडौंको टोखामा स्थापना भएको जनकल्याण सामाजिक केन्द्रले शनिबार आयोजना गरेको 'नि:शुल्क स्वास्थ्य तथा आँखा शिविरको उद्घाटन गर्दै उनले १० देखि १४ वर्षसम्मका १६ लाख किशोरीलाई क्यान्सरविरुद्धको खोप लगाउन सरकार लागिरेहको जानकारी दिएका हुन्।

"महिलामा क्यान्सर हुन नदिन सरकारले यही माघ २२ देखि देशभरका १६ लाख किशोरीमा क्यान्सरविरुद्धको खोप प्रदान गर्न लागेको छ", स्वास्थ्यमन्त्री पौडेलले भने। उनले पाँच वटा अस्पतालमा किशोरीका लागि क्यान्सरको नि:शुल्क उपचारको व्यवस्था सरकारले मिलाएको बताए। सरकारले पक्षघातको औषधि नि:शुल्क बितरण गर्ने गरी कार्ययोजना अगाडि बढाएको पनि उहाँले जानकारी दिए।

स्वास्थ्यमन्त्री पौडेलले नागरिकको योगदानमा आधारित कोष बढाएर स्वास्थ्य बिमाको रकमसमेत बढाउँदै आमनागरिकको उपचारमा खर्च गर्नेगरी सरकारले योजना बनाएको उल्लेख गरे।

"हाल स्वास्थ्य विमाको रकम रु एक लाख रहेको छ, हामी त्यसलाई बढाएर रु पाँच लाख बनाउने गरी योजना बनाइरहेका छौं", उनले भने।

छिरिएर रहेको स्वास्थ्य रकमलाई बिमा कोषमार्फत उपचार गराउने प्रबन्ध गरिने उनको भनाइ थियो। उनले नेपालको स्वास्थ्य क्षेत्र धेरै सुधारिएको भए पनि अझै पर्याप्त नभएको उल्लेख गरे।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


# बलिदानी दिवसमा मधेस आन्दोलनका सहिदको योगदान स्मरण

**काठमाडौं**/तराई-मधेस लोकतान्त्रिक पार्टी नेपालले १८ वर्षअघि भएको मधेस-आन्दोलनमा जीवन उत्सर्ग गर्ने योद्धाका योगदानको स्मरण गर्दै बलिदानी दिवस मनाएको छ।

पार्टी केन्द्रीय कार्यालय बबरमहलमा शनिबार आयोजित कार्यक्रममा पार्टीका उपाध्यक्ष श्याम गुप्ता तथा महासचिवद्वय डा सुरेन्द्र झा र मनिष मिश्रलगायतका नेताहरुले मधेस आन्दोलनका सहिदको तस्बिरमा माल्यार्पण गरी उहाँहरुप्रति श्रद्धाञ्जली अर्पण गरे।

बिसं २०६४ माघ ५ गते लहानमा भएको घटनामा रमेश महतोको निधन भएको र त्यसपछिका आन्दोलनमा ठूलो जनधनको क्षति भयो। त्यसक्रममा सरकार र तत्कालीन मधेसी जनअधिकार फोरमबीचको सहमतिपछि मुलुक सङ्घीयतातर्फ अघि बढेको उक्त पार्टीको दावी छ।

सभामा उपाध्यक्ष गुप्ताले बहुजाति, बहुभाषा, बहुधर्म, बहुसंस्कृति र भौगोलिक बिबिधताले परिपूर्ण नेपाललाई सबै जातजातिको साझा फूलबारीका रुपमा अघि बढाउन राज्यले सबैलाई समान अधिकार र अवसर प्रदान गर्नुपर्ने आवश्यकता औंल्याए।

महासचिव डा झाले अहिले मुलुकमा संबिधान संशोधन बहस चलिरहेको सन्दर्भमा संबिधान संशोधन पहिचान र सामार्थ्यका आधारमा राज्यको पुन:संरचना र अग्रगमनका लागि हुनुपर्ने आफ्नो दलको मान्यता रहेको बताए।

अर्का महासचिव मिश्रले राजस्व र बिप्रेषणको मुख्य स्रोत रहेको तराई मधेसबाट संसद्मा जनसङ्ख्या र सामर्थ्यका आधारमा प्रतिनिधित्व कायम गर्दै नेपाललाई समावेशी राष्ट्र तुल्याउन संबिधान सशोधन आवश्यक रहेको बताए।

## *समाजवादी मोर्चासँग...*

### सहिदका सपना पूरा गर्न मधेसका सबै दल एकताबद्ध हुनुपर्छ : अध्यक्ष महतो

राष्ट्रिय मुक्ति क्रान्ति नेपाल पार्टीका अध्यक्ष राजेन्द्र महतोले सहिदका सपना पूरा गर्न मधेसका सबै दल एकताबद्ध हुनुपर्नेमा जोड दिएका छन्।

मधेस प्रदेश सरकारले मधेस आन्दोलनका पहिलो सहिद सिरहाका रमेश महतोको सम्झनामा हरेक वर्ष माघ ५ गते बलिदानी दिवस मनाउँदै आएको छ। मधेस आन्दोलनको १८ वर्ष पूरा भएको छ। २०६२/०६३ सालको जनआन्दोलनको सफलतापछि माघ १ गते जारी भएको अन्तरिम संविधानमा संघीयता र समावेशिता नसमेटेको भन्दै तत्कालीन मधेसी जनअधिकार फोरमको नेतृत्वमा आन्दोलन भएको थियो।

माघ २ गतेदेखि शुरु भएको आन्दोलनका क्रममा माघ ५ गते सिरहाको लहानमा स्थानीय रमेश महतोको ज्यान गएको थियो। त्यसपछि मधेसभर आन्दोलन चर्किएको थियो। अन्तरिम संविधान संशोधन गरेर माग सम्बोधन गर्ने सम्झौतापछि पहिलो चरणको २१ दिने आन्दोलन स्थगित भएको थियो। त्यही आन्दोलनको जगमा देशमा संघीयता र संविधान आएको भन्दै हरेक वर्ष माघ ५ मा बलिदानी दिवस मनाउने गरिएको छ।


## सहिदहरूप्रति सम्मान गरौं

- सहिदहरू राष्ट्रिय गौरव हुन्,
- सहिदहरूको बलिदान र योगदानको स्मरण गरौं,
- सहिदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- सहिदहरूको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सबै नेपालीहरू एकसाथ जुटौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्। धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं। **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*